


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**सूचना**

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

**नेपाल सरकार**
**सञ्चार सूचना तथा प्रविधि मन्त्रालय**
*सूचना विभाग*

वर्ष-१२ ।। अङ्क : १४४ ॥ २०७७ भाद्र ३१ गते बुधबार (16th Sep. 2020,Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# प्याजको मूल्य चालीसबाट सय



***झापा (प्रस) ।*** भारत सरकारले निर्यातमा रोक लगाएसँगै नेपालमा प्याजको मुल्य दोब्बर बढी भएको छ। एक साताअघि खुद्रामा ४० रुपैयाँ प्रतिकेजी पाइने प्याजको मूल्य सय रुपैयाँ पुगेको छ । त्यसैगरी ५० केजीको प्रतिबोरा २००० रुपैयाँ पर्ने प्याजको थोक मूल्य ४२०० रुपैयाँमा मंगलबार कारोबार भएको छ ।

कृषि उपज केन्द्र बिर्तामोडका थोक व्यापारी लक्ष्मण शाहकहाँ प्याज किन्न आउनेहरुको सँख्या थपिएको छ। अरु दिनको तुलनामा मंगलबार बिहानैदेखि अलिबढी खुद्रा व्यापारीहरु प्याज किन्न आएका छन् । नेपालमा प्याजको अभाव हुने देखेर ग्राहकभन्दा बढी खुद्रा व्यापारीहरु जम्मा भएका थिए । आफूले ७० रुपैयाँको दरले थोकमा प्याज बिक्री गरिरहेको कृषि उपज केन्द्रमा लामो समयदेखि व्यवसाय गर्दै आएका शाहले बताए । उनले भारतबाट आयात नभएपछि आफूसँग स्टक भएको माल सिद्धिएको बताए। उनले भारतको पटना र नासिकबाट प्याज मगाउने गरेका थिए। 'मैले ल्याएको प्याज सकिसक्यो' उनले भने , 'अब केही दिनमा सय रुपैयाँमा पनि प्याज नपाउन सक्छ ।' शाहले हप्तामा १५ टन प्याज भारतबाट आयात गरी बिर्तामोडमा बिक्री गर्ने गरेका छन् । त्यस्तै कृषि उपज केन्द्रमै थोक व्यापार गर्दै आएका त्रिलोक शाहले सोमबार मात्र एक गाडी प्याज भारतबाट ल्याएका छन् । त्यहाँ २५ टन प्याज रहेको छ। भारतले रोक लगाउनुभन्दा अगाडि नै उनले सो प्याज ल्याइसकेका थिए । ' मैले एक गाडी प्याज ल्याएको छु ' उनले भने ,'त्यसले कति दिन पुग्छ र ?' उनले पनि हप्ताको २५ देखि ३० टनसम्म प्याज बिक्री गर्ने गरेका छन् । नेपालको पूर्वी जिल्लाका तरकारी तथा फलफूलको मुख्य कारोबार हुने गरेको बिर्तामोडको कृषि उपज केन्द्रमा भारतबाट हप्ताको सय टनजति प्याज आउने गरेको कृषि उपज केन्द्र तथा बजार व्यवस्थापन समितिकी बजार संकलक माया राजवंशीले बताईन् । नेपालमा मंगलबारदेखि प्याजको मूल्य थोकसँगै खुद्रामा पनि बढेको व्यापारीहरुले बताएका छन् । मंगलबार खुद्रा सय रुपैयाँ केजी बिक्री भएको कृषि उपज केन्द्रका खुद्रा व्यवसायी भुषण शाहले बताए । भारत सरकारले सोमबारदेखि सबै किसिमको प्याजको निर्यातमा रोक लगाएको हो । घरेलु माग पुरा गर्न र प्याजको मूल्य कम गर्नका लागि भारत सरकारले सो निर्णय गरेको जनाइएको छ । हाल दिल्लीमा प्याज़ ३५ देखि ४० रुपैयाँमा बिक्री भइरहेको छ । काँकरभिट्टा नाकाबाट मात्रै एक वर्षमा करोडौं रुपैयाँ मूल्य बराबरको प्याज नेपाल आयात भएको छ । गत आर्थिक वर्ष २०७६/०७७मा काँकरभिट्टा नाका हुँदै ३ अर्व ८८ करोड ३५ लाख ९५ हजार रुपैयाँ मूल्य बराबरका १ लाख १० हजार ९ सय ४८ मेट्रिक टन खाद्यान्न र ताजा तरकारी नेपाल आयात भएको थियो । आयातित तरकारीमध्ये प्याज मात्र ३ करोड ६२ लाख ८५ हजार रुपैयाँ मूल्य बराबरको १ हजार २ सय १० मेट्रिक टन रहेको कार्यालय प्रमुख वरिष्ठ बाली संरक्षण अधिकृत हर्षहाङ्ग राईले बताए । तर, यस अघिका दुई आर्थिक वर्षको तथ्याङ्क हेर्ने हो भने प्याजको अझ धेरै आयात भएको थियो । अघिल्लो आर्थिक वर्ष २०७५/०७६ मा काँकरभिट्टा नाका भएर १३ करोड ५९ लाख ३० हजार रुपैयाँ मूल्य बराबरको ४ हजार ५ सय ३१ मेट्रिक टन प्याज भारतबाट आयात भएको देखिन्छ । त्यस्तै आर्थिक वर्ष २०७४/०७५मा १६ करोड २७ लाख २० हजार रुपैयाँ मूल्य बराबरको ५ हजार ४ सय ५४ मेट्रिक टन प्याज भारतबाट आयात भएको कार्यालय प्रमुख राईले बताए ।

# कुलमानले भने : नेतृत्व परिवर्तन स्वाभाविक हो



***झापा (प्रस) ।*** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ आफ्नो चारवर्षे कार्यकाल पूरा गरी बिदा भएका छन् । मंगलबार प्राधिकरणको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमबीच उनी बिदा भएका हुन् ।

बिदाइका क्रममा लिखित र मौखिक मन्तव्य राख्दै कुलमानले आफूले सुरुबाटै प्राधिकरणको हितको पक्षमा अडान लिँदै आएको बताए । 'कुलमानले कसैले भनेकै मान्दैन, आफैं खुसी गर्छ भन्ने आरोप पनि लाग्यो । हो, मैले प्राधिकरणको हितका लागि केही कुरामा अडान लिएकै छु । ट्रेड युनियनका साथीहरुले राम्रा कुरा गर्दा मानेकै छु', उनले भने, 'जुन कुराले संस्थाको हित गर्दैन भने मैले अडान लिएकै हो । अब त सानो बच्चालाई पनि थाहा भइसक्यो विद्युत् प्राधिकरण के रहेछ भन्ने । कार्यकारी निर्देशकको नियुक्तिमा पनि यति चासो बढ्नु भनेको प्राधिकरणको छवि बढेको रहेछ भन्ने पुष्टि भएको छ ।' कुलमानले आफ्नो नेतृत्वको टिमले शनिबार र बिदाका दिन पनि काम गरेकैले देशलाई लोडसेडिङबाट मुक्त गरेर विद्युतमा आत्मनिर्भरको बाटोमा गएको बताए ।

'शनिबार पनि, बिदाको दिनमा पनि काम गरियो । चार वर्षमा हामीले गरेका प्रयासले प्राधिकरणको गरिमा बढाएको छ । आगामी दिनमा यो गरिमा अझै उच्च हुँदै जाओस्', उनले भने, 'नेतृत्वको निरन्तरता एवम् परिवर्तन स्वाभाविक प्रक्रिया हो । यसलाई बुझिदिन सबैलाई आग्रह गर्दछु । टिममा काम गरेकाले नतिजा पनि एकदम राम्रो आएको छ । आफ्नो जिम्मेवारी हामीले सफलतापूर्वक निर्वाह गरेका छौं ।' उनले लोडसेडिङ हटाउन भारतबाट विद्युत् आयात पनि महत्वपूर्ण भएको बताए ।

'लोडसेडिङ हटाउन आयात पनि महत्वपूर्ण थियो । तर त्यो भन्दा महत्वपूर्ण हामीलाई त्यहाँबाट विद्युत् ल्याउनमै चुनौती थियो', उनले भने, 'त्यसमा हामी सफल भयौं । हामीले यो बीचमा ६ प्रतिशत बिजुली बेचेका पनि छौं । अब विस्तारै हामी अर्को वर्षदेखि आत्मनिर्भर हुन्छौं ।' सरकारले २०७३ साल भदौ २९ गते कुलमानलाई ४ वर्षका लागि नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो ।

# बैंक कर्मचारीसहित पाँच जनालाई कोरोना




***झापा (प्रस) ।*** प्राइम बैंक काँकरभिट्टाकी एक महिला कर्मचारीसहित झापामा मंगलबार पाँचजनामा कोरोना संक्रमण देखिएको छ । प्राइम बैंक काँकरभिट्टा शाखामा कार्यरत मेचीनगर ६ की २२ वर्षिया महिला कर्मचारीलाइ संक्रमण पुष्टि भएको हो । त्यस्तै भारतबाट फर्केर मेचीनगरको होटल क्वारेन्टाइनमा बसेका चार पुरुषमा पनि संक्रमण देखिएको छ। २० , २० , ४२ र ४९ वर्षका उनीहरु जिल्ला बाहिरका भएको मेचीनगर नगरपालिकाका सामाजिक विकास समितिका नवीन बराललें बताए। भदौ २५ गते ६१ जनाको स्वाब संकलन गरी पिसिआर परीक्षणका लागि पठाउँदा ५ जनाको रिपोर्ट पोजिटिभ आएको उनले बताए। योसँगै मेचीनगरमा कोरोना संक्रमितको सँख्या १३१ पुगेको छ। त्यसमध्ये ११० जना निको भएर घर फर्किएका छन् । झापामा भने संक्रमितको सँख्या ७४७ पुगेको जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाईले बताए ।

# सिमेन्ट उद्योगमा आगलागी २ करोडको क्षति

***हल्दीबारी (प्रस) ।*** झापाको हल्दीवारी गाउँपालिका -३ मा १५ दिन अघिदेखि सञ्चालनमा आएको काबेली सिमेन्ट इन्डूस्ट्रिजमा मंगलबार राति आगलागी भएको छ ।

आगलागीबाट सिमेन्ट उद्योगको पावर हाउसमा क्षति पुगेको उद्योगका सञ्चालक सुमन मैनालीले बताए । आगलागीको कारण खुल्न नसकेपनि चट्याङले हुन सक्ने अनुमान गरिएको छ। आगलागीबाट २ करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुसन्धानले देखाएको मैनालीले जनाए । "अहिलेसम्मको अनुसन्धानलाई हेर्दा २ करोड बराबरको क्षति भएको देखिएको छ" मैनालीले भने, "त्योभन्दा कम पनि हुनसक्छ धेरै पनि हुन सक्छ ।"

आगलागी भएसँगै भद्रपुर र बिर्तामोड नगरपालिकाबाट आएका २ वटा वारुणयन्त्र र स्थानीयको सहयोगले आगो नियन्त्रण गरिएको जनाइएको छ ।

झापाका युवा व्यवसायीहरुको करिब ६० करोड रुपैयाँको लगानीमा

❖बाँकी अन्तिम पृष्ठमा

# झापाली समाज यु.एस.ए.को अधिवेशन सम्पन्न

***न्यूयोर्क (प्रस) ।*** अमेरिकाको विभिन्न राज्यमा छरिएर बसेका झापालीहरूलाई संगठित गरी आपसमा भाइचारा र बन्धुत्वको सम्वन्ध कायम गर्दै आफ्नो जन्मभूमिको विकासमा लाग्न प्रेरित गरी झापा जिल्लाको सामाजिक, आर्थिक र शैक्षिक विकासमा सहयोग गर्ने उद्देश्यका साथ गठन भएको झापाली समाज




यु.एस.ए.को प्रथम अधिवेशन सम्पन्न भएको छ । 'शिक्षामा सबैको पहुँचको लागि सामुहिक योगदान, एक व्यक्ति एक विद्यार्थी हाम्रो अभियान' नाराका साथ भब्यरूपमा अधिवेशन सम्पन्न भएको हो । प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले प्रमुख अतिथिको रूपमा झापाली समाज यु.एस.ए.को भर्चुअल अधिवेशनको उद्घाटन गर्दै समाजले गर्न लागेको शैक्षिक अभियानको प्रशंसा गरे । साथै प्रदेश सरकारले आवश्यक पनि शुरू गर्न आग्रह गरे । नेपाल सरकारका पूर्व मुख्य सचिव डा. भोजराज घिमिरेले अधिवेशन सफलताको कामनाको सन्देश पठाउँदै समाजको 'एक व्यक्ति एक विद्यार्थी' अभियानको प्रशंसा गर्दै एकजना विद्यार्थीलाई उच्च मावि तहसम्म अध्ययन गर्न सहयोग पुग्ने बिश्वास व्यक्त गरे ।साथै यो अभियान बीचैमा नरोकियोस् भन्दै यसको निरन्तरताका लागि गम्भीर बन्न आग्रह गरे । नेपाल बार एसोसिएसनका पूर्व केन्द्रीय उपाध्यक्ष तथा झापा विकास पर्ने सबै प्रकारको सहयोग गर्ने प्रतिवद्धता पनि व्यक्त गरे । सभामा विशेष अतिथि नेपाली काँग्रेसका प्रवक्ता विश्वप्रकास शर्माले समाजको यो अभियानले शैक्षिक क्षेत्रको सुधारमा महत्वपूर्ण योगदान रहने बताए । साथै समाजलाई यो अभियान झापामा मात्र सीमित नगरी २ नं. प्रदेश र कर्णाली प्रदेशका केही जिल्लामा मञ्चका अध्यक्ष वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेतीले यो अभियान अत्यन्त प्रशंसनीय भएको र झापा विकास मञ्च अभियानमा एक साझेदारीको रूपमा सँगै काम गर्न तयार रहेको जानकारी दिए । त्यसैगरी जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकालले यो अभियानले जिल्लाको शैक्षिक क्षेत्रको सुधारमा उल्लेखनीय योगदान पुर्याउने र जिल्ला सहकारी संघले एक स्थानीय साझेदारको रूपमा निश्पक्ष र पारदर्शी रूपमा काम गर्दै लक्षित समुदायसम्म अभियानलाई पुर्याउने बचनवद्धता व्यक्त गरे । अन्तर्राष्ट्रिय झापाली समाजका केन्द्रीय अध्यक्ष छत्र सुब्बा (हङकङ) र संरक्षक दिनेश पोखरेल (अष्ट्रेलिया) दुवैले यो शैक्षिक अभियान अमेरिकाले शुरू गरेको भए पनि अन्तर्राष्ट्रिय झापाली समाजकै अभियानको रूपमा रहेको र संसारभर रहेका झापालीहरूलाई अभियानमा सामेल गराउने बताए । सभामै अन्तर्राष्ट्रिय झापाली समाजका वरिष्ठ उपाध्यक्ष दिपक खनाल (अष्ट्रेलिया)ले एक जना विद्यार्थीलाई उच्च माध्यमिक तहसम्मको अध्ययनमा सहयोग पुर्याउने प्रतिवद्धता जाहेर गरे । नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाउँलेले शैक्षिक संस्थामा हुने राजनीति बन्द भए आधा शैक्षिक क्षेत्रको समस्या समाधान हुने विचार व्यक्त गरे । साथै आफूले यो अभियानमा सक्दो सहयोग गर्ने वचनबद्धता जाहेर गरे । संसारभर रहेका झापाली समाजका राष्ट्रिय समितिहरूको तर्फबाट शुभकामना दिँदै युएइका राष्ट्रिय अध्यक्ष अशोक चापागाईं (दुवई)ले यो अभियानमा झापाली समाज युएइले पनि साथ दिने

❖बाँकी अन्तिम पृष्ठमा

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड , झापा**

**( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)**



**पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।**

**भूपाल बुढाथोकी**
023-545402
9825952677
9825952680

**सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।**

**श्री भूमिसुधार तथा मालपोत कार्यालय**
**भद्रपुर झापा**
**प्रदेश नं १ नेपाल ।**

**बाहृदशी गाउँपालिका वडा नं ०१ बस्ने इलमसिंह राजवंशीको शेषपछिका हकदारहरूका नाममा जारी गरिएको**

## नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला झापा बाह्रदशी गा पा वडा नं ०१ बस्ने धोदोल राजवंशीले मेरो दाजु इलमसिंह राजवंशीको मिति २०५९/११/१३ मा मृत्यु भएको हुँदा दाजु इलमसिंह राजवंशीको नाममा दर्ता कायम रहेको राजगढ ०१ कि नं १५८० को ज व मि १७३५.०० र इलमसिंह र म धोदोल राजवंशीको नाममा सम्युक्त दर्ता कायम रहेको राजगढ ०१ कि नं ३३५ ३५६ को ज व मि क्रमश १९९०.०० र ५३००.०० जग्गाको नजिकको हकदार मृतकको एक मात्र पत्नी बचासरी राजवंशीको मिति २०७६/०२/०५ मा मृत्यु भइसकेको, मेरो दाजु इलमसिंह राजवंशी र भाउजू बचासरी राजवंशीको कोखबाट छोरा/छोरीको जायजन्म नभएको साथै हाम्रो बुबा/आमाको समेत मृत्यु भइसकेको साथै हाम्रो बुबा आमाको काखबाट जायजन्म भएका सवैभन्दा नजिकको महदार म भाइ धोदल राजवंशीको नाममा एकलौटी नामसारी गरिपाउँ भनि बाह्रदशी गा पा ०१ को च नं ४९ मिति २०७७/०४/३२ को सिफारिस सहित यस कार्यालयमा द नं २९०९८ मिति २०७७/०३/१५ मा निवेदन पेश गरेको हुँदा मृतक इलमसिंह राजवंशीको शेषपछिका हकदारमा निवेदक धोदल राजवंशी बाहेक अरू केही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स–प्रमाण हकदावीको निवेदन पेश गर्नु होला अन्यथा कानून बमोजिम भइ जाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

**इति सम्बत २०७७ साल भाद्र १२ गते रोज ०६ शुभम् ।**

# विश्वकर्मा पूजाको तयारी



बिर्तामोड (प्रस) । बिर्तामोडको शनिश्चरे रोडस्थित एक सीसा पसलमा विश्वकर्मा बाबाको तस्विर फ्रेमिङ गरेर बिक्रीका लागि तयार गरिंदै । विश्वकर्मा पूजा नजिकिएसँगै तस्बिरको बिक्री बढेको पसल सञ्चालक हिरा चौधरी बताउँछन्। कलपुजा , औजार तथा कर्मका देवता विश्वकर्माको पूजा हरेक वर्ष असोज १ गते मनाउने गरिन्छ। कोरोना भाइरस कोभिड–१९ संक्रमणका कारण यस वर्ष सामूहिक पूजा उत्सव संभव नभएपछि व्यक्तिगत तथा पारिवारिक रुपमा भक्तिभाव तथा पूजा आराधनाका लागि तस्बिर पूजा उपयुक्त मानिएको छ ।

तस्बिरः प्रतिदिन

# झापाली समाज...

बताए । उनले झापाली समाज युएइले नेपालमा रू.१५ लाखको अक्षयकोष शैक्षिक क्षेत्रको सुधारमा सहयोग गर्ने गरी स्थापना गरिसकेको जानकारी दिए ।

सभालाई कलाकार, निर्माता तथा निर्देशक अशोक शर्मा, अन्तर्राष्ट्रिय झापाली समाजका सल्लाहकार डा.शम्भु ढुंगाना, ए.एन.ए.का अध्यक्ष खगेन्द्र अधिकारी, झापाली समाज यु.एस.ए.का सल्लाहकार तथा मिशन रिविल्ड नेपालका अध्यक्ष डा. मदन उप्रेती, सल्लाहकार प्रा. डा. गोपी उप्रेती, एनआरएन आइसीसी सदस्य यमुना भट्टराई, इन्जाका अध्यक्ष गुणराज लुइँटेल, नेपाल पोलिसी इन्स्टिच्यूटका संस्थापक तथा युएनका रिटायर्ड अफिसर केदार न्यौपाने (स्वीजरलेन्ड), आइ.सि.ए. नेपालका संस्थापक अध्यक्ष डा. तत्वप्रसाद तिम्सिना, झापा समाज काठमाण्डौका अध्यक्ष डा.आनन्द श्रेष्ठ, अन्तर्राष्ट्रिय झापाली समाजका सल्लाहकार मेघराज नेपाल (जापान) लगायतले सम्वोधन गरेका थिए । मुकुन्द ढुंगानाको सभापतित्वमा नीलम विमलीले संचालन गरेको समारोहमा शैक्षिक अभियानको बारेमा असिस्टेन्ट प्रोफेसर डा.भेषराज मैनाली र जिल्लामा स्वास्थ्य क्षेत्रमा गर्न सकिने कामको बारेमा डा.खगेन्द्र दाहालले कार्यपत्र प्रस्तुत गरेका थिए ।

दोस्रो दिन भएको बन्द सत्रमा डा. शम्भु ढुंगानाले प्रस्तुत गरेको विधान संशोधन मस्यौदालाई परिमार्जनसहित पारित गरिएको थियो । सभाले समाजका महासचिव निलम विमलीले प्रस्तुत गरेको सांगठानिक प्रतिवेदन तथा कोषाध्यक्ष डिल्ली थापाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसम्मतले पारित गरेको थियो । प्रा.डा.गोपीनाथ उप्रेती अध्यक्ष, डा. शम्भु ढुंगाना र खगेन्द्र अधिकारी रहेको निर्वाचन समितिले मुकुन्द ढुंगाना (भद्रपुर) को अध्यक्षतामा वरिष्ठ उपाध्यक्ष यमुना भट्टराई (दमक), उपाध्यक्षहरू सीता पाण्डे (गौरादह), प्रदिप तिम्सिना (भद्रपुर), नारायण शिवाकोटी (देउनीया), नविन पोखरेल (बुधवारे), महासचिव निलम विमली (सुरूंगा), सचिव युवराज खतिवडा (शिवगञ्ज), कोषाध्यक्ष युवराज खनाल (बिर्तामोड), सदस्यहरू डा.भेषराज मैनाली (चकचकी), डा.लीला खतिवडा (शिवगञ्ज), खगेन्द्र दाहाल (सुरूंगा), कविन्द्र सिटौला (चारपाने), टीका पौडेल (गौरादह), प्रसन्न संग्रौला (काँकरभिट्टा), मोहन निरौला (दमक), मञ्जु संग्रौला (बुधवारे), डिल्ली थापा (धुलावारी), बेद बस्नेत (दमक), दिपक पाण्डे (गरामुनी), विकास उप्रेती (धुलावारी), सावित्रा ओली भण्डारी (गौरादह), कृष्ण खतिवडा (गरामनी), मोहन उप्रेती (शिवगञ्ज) र डा. पर्शुराम दाहाल (भद्रपुर) रहेको २५ सदस्यीय समिति सर्वसम्मत निर्वाचित भएको घोषणा गरे ।

दुईदिने अधिवेशनको समापन गर्दै पुनः निर्वाचित अध्यक्ष मुकुन्द ढुंगानाले अधिवेशनले दिएको जिम्मेवारी इमान्दारीका साथ पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्दै हाल स्थापना गर्ने भनिएको रू २५ लाखको अक्षय कोषलाई तीन वर्ष भित्रमा बढाएर रू १ करोड पुर्याउने र 'एक व्यक्ति एक बिद्यार्थी' अभियानबाट आगामी तीन वर्ष भित्रमा २०० जना विद्यार्थीको उच्च माध्यमिक तह सम्मको अध्ययनमा सहयोग पुर्याउने घोषणा गरे । साथै शिक्षा नैं विकासको प्रमुख आधार भएको हुनाले यो महान अभियानमा सहयोग गर्न देश र विदेशमा रहेका सवै नेपालीहरूमा आग्रह गरे ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय

### १ नं. प्रदेशको सधियार

दिल प्रसाद भेटवालको नाममा जारी गरिएको

## ७ दिने सूचना

साविक चारपाने गाविस १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री अनिता देवी कर्ण निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा १ च २ प्रयोजनको लागि यो ७ (सात) दिने सूचना तथा सधियार पु. श्री दिल प्रसाद भेटवालको जग्गा लगायत सार्वजनिक हानी नोक्सानी हुन्छ वा हुँदैन । यदी हुन्छ भने यो सूचना प्रकाशित भएको मितिले तपाईं ७ दिन भित्र प्रमाण सहित आउनु होला । अन्यथा नियम बमोजिम भई जानेछ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड १ | - | १७३०३ | १२.० धुर | २०७७/०४/३० | २०७७/०४/३० | २०७७/०५/२२ |

## बिर्तामोड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, झापा

## प्रदेश नं १ नेपाल ।

# बिर्तामोड नगरपालिकाको अनुरोध

**आदरणीय सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरु...**

अहिले हाम्रो जनजीवनमा कोरोना महामारीले नराम्रो असर पार्ने गरी समस्या बढिरहेको यहाँहरुलाई बिदितै छ। यस बिषम परिस्थितिमा पनि नगरपलिकाको जनशक्ति नगरबासीको स्वास्थ्य लगायत अन्य आवश्यकता पूरा गर्न अहोरात्र खटिइरहेको छ। कोभिड १९ को प्रकोपको न्यूनिकरणका लागि नगरका स्वास्थ्यकर्मी दिनरात नभनी लागिरहेका छन् । जसका कारण बिर्तामोड अरु पीलकाको तुलनामा केही सुरक्षित र कम जोखिममा रहेको छ। नगरले कोरोना प्रभाबितहरुका लागि क्वारेन्टाइन, आइसोलेसन र होम आइसोलेसनका प्रवन्ध गरेको छ ।

यतिबेला मुलुकका मुख्य सहरहरु र ग्रामीण बस्तीहरु पनि यसको प्रकोपबाट सुरक्षित छैनन् । यो प्रकोपबाट मुक्त रहन केवल सरकारी पहल र प्रयत्नबाट मात्र सम्भव छैन । स्थानीय तहहरुले त जनशक्तिको परिचालन गरेर समस्या बढ्न नदिने प्रयत्न गर्ने हो, त्यो गरिरहेकै छन् । तर, जनता जागरुक भएनन् भने केही पनि गर्न सम्भव छैन ।

हामी जो केही पनि यो संक्रमणको जोखिममा छौं भन्ने कुरा कसैले पनि भुल्नु हुँदैन । खासगरी बिर्तामोड एउटा ब्याबसायिक क्षेत्र भएका कारण आफ्नो पसल, ब्यबसाय र उद्योग संचालन गर्दा स्वास्थ्य सचेतना अपनाएर गरेमा संक्रमण नबढ्ने र समुदायमा पुगेको रोगलाई नियन्त्रण गर्न सहज हुनेछ। अझ समुदायस्तरमा पुगेको संक्रमणलाई रोकथाम गर्न समुदाय नै बढी चनाखो हुन जरुरी हुन्छ।

**तसर्थ,**

-अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कौं
-माक्सको अनिबार्य प्रयोग गरौं, हात सफा राखौं
-टोल, समाज सफा राखौं, जथाभाबी फोहर मैला नगरौं
-नजिकिरहेको चाडबाडमा अनावश्यक भिडभाड नगरौं
-आफ्नो परिवार बाहेक अरु धेरै अनावश्यक मानिसहरुको सर संगत नगरौं
-गाउँ, टोलमा देखापरेका बिरामीहरुप्रति नराम्रो ब्यबहार नगरौं
-कहीं कतै संक्रमणको जोखिम देखिएमा तत्काले स्वास्थ्यकर्मीलाई सूचना दिऔं ।
-आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

धुबकुमार शिवाकोटी
नगरप्रमुख
बिर्तामोड नगरपालिका
बिर्तामोड (झापा)

# हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

## सफलतापूर्वक उपचार हुने समस्याहरु

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका बिभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**

कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

# पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

## औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**

बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


# सिमेन्ट उद्योगमा ....




स्थापित उद्योगले १५ दिन अघिदेखि उत्पादन शुरु गरेको थियो। उद्योगले बजारमा उत्पादन ल्याउन शुरु गर्नुपूर्व नै लकडाउन खेप्नु परेको थियो । कोरोना भाइरसको कारण मारमा परेको उद्योगलाई आगलागीले थप क्षति पुऱ्याएको हो । "उद्योग सञ्चालनका लागि कच्चा पदार्थदेखि जनशक्तिको समेत व्यवस्था गरेका थियौं" मैनालीले भने, "चैतदेखि उत्पादन बजारमा ल्याउने लक्ष्य थियो, सबै काम ठप्प भयो ।" उद्योगलाई पुनः सञ्चालनमा ल्याउन १५ दिन जति लाग्ने जनाइएको छ । उद्योगको वार्षिक एक लाख ५० हजार मेट्रिक टन ओपिसी र एक लाख मेट्रिक टन पिपिसी सिमेन्ट उत्पादन क्षमता रहेको छ ।


## नेपाल रेडक्रस सोसाइटी

## झापा जिल्ला शाखा

# सरसफाइ एवं स्वच्छता सामग्री खरीद सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७७/०५/३१ गते)

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा अन्तर्गत विश्वव्यापी महामारी कोभिड-१९ सम्बन्धि चेतना अभिबृद्धि एवं प्रतिकार्य सम्बन्धि गतिविधिहरु संचालनका लागि आवश्यक स्वच्छता सामग्रीहरु शिलवन्दी बोलपत्रद्वारा आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारको इजाजत प्राप्त मूल्य अभिबृद्धि कर ९खब्त० मा रजिष्टर्ड फर्म वा सप्लायर्सबाट सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३ (तिन) दिनभित्र शिलवन्दी वोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. स्वच्छता सामग्रीहरुको विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

२. स्वच्छता सामग्री आपूर्ति गर्न नेपाल सरकारको इजाजत प्राप्त रजिष्टर्ड फर्म तथा सप्लायर्सले निम्न बमोजिम प्रमाणित कागजातहरु सूचना प्रकाशित भएको मितिले ३ (तिन) औं दिन अपरान्ह ५.०० बजे भित्र बोलपत्र खरीद गरी ४ (चार) औं दिन अर्थात मिति २०७७/०६/०३ गते २.०० बजे भित्र ने.रे.सो. झापा जिल्ला शाखा भद्रपुर वा रक्तसंचार सेवा विर्तामोडमा पेश गर्न सकिने छ। सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिने छ।

(क) अद्यावधिक नवीकरण भएको व्यावसायिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
(ख) आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि ।
(ग) आ.व.०७५/०७६ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपी ।
(घ) तोकिएको मिति र म्याद भित्र प्रति सामग्रीको दररेट अङ्क/अक्षर दुवैमा भरी शिलवन्दी लाहाछाप गरी ने.रे.सो. झापा जिल्ला शाखा भद्रपुर वा रक्तसंचार सेवा विर्तामोडमा दर्ता गराउनु पर्नेछ ।

३. तोकिएको बोलपत्र अन्तिम मितिको भोलिपल्ट ने.रे.सो. रक्तसंचार कार्यालय,विर्तामाडमा खोलिने छ ।

४. बोलपत्र फाराम रु. २००।–(अक्षरेपी दुइ सय मात्र) नगद तिरी (फिर्ता नहुने) ने.रे.सो. झापा जिल्ला शाखा वा रक्तसंचार सेवा विर्तामोड बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

५. निर्धारित ढाँचामा पेश नगरिएका बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

६. बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस जिल्ला शाखामा सुरक्षित रहनेछ ।

७. बोलपत्र सम्बन्धि अन्य जानकारीको लागि ने.रे.सो. झापा जिल्ला शाखा कार्यालय, भद्रपुर वा रक्तसंचार सेवा ,विर्तामोडमा सम्पर्क गर्न सकिनेछ ।

**नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा, भद्रपुर**

**फोन न. ०२३-५२०१०२,रक्तसंचार सेवा विर्तामोड ०२३-५४१८३३**

# सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि. को निर्वाचन कार्यक्रम सम्बन्धी अत्यन्त जरुरी सूचना !

Idlt 2077/05/29

संस्थाको विनियम २०६७ को परिच्छेद ६ दफा ३२ को संसोधित विनियम २०७७ अनुसार अध्यक्ष -१, उपाध्यक्ष-१, सचिव -१, कोषाध्यक्ष-१ र ३३ प्रतिशत महिला सदस्य सहित सदस्य ५ गरि जम्मा ९ जनाको संचालक समिति र विनियमको दफा ३८ अनुसार लेखा सुपरिवेक्षण समितिमा संयोजक १, सदस्य २ गरि जम्मा ३ जनाको लेखा सुपरिवेक्षण समिति आगामी ४ वर्षे कार्यकालका लागि स्वच्छ, निश्पक्ष विवादरहित, पारदर्शी एवं प्रजातान्त्रिक ढङ्गले निर्वाचित गर्नुपर्ने भएको हुनाले सम्पुर्ण शेयर सदस्यहरुको लागि यो निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ ।

**निर्वाचन कार्यक्रम**

| क्र.सं. | बिवरण | मिति | देखि | सम्म | स्थान |
|---|---|---|---|---|---|
| १ | नामावली प्रकाशन | २०७७/०६/१५ | बिहान ११ बजे | बेलुका ५ बजेसम्म | संस्थाको केन्द्रिय कार्यालय |
| २ | नामावली उपर दावी विरोध | २०७७/०६/१८ | बिहान १० बजे | दिउँसो ४ बजे | केन्द्रिय कार्यालय |
| ३ | अन्तिम नामावली प्रकाशन | २०७७/०६/१८ | दिउँसो ४ बजे | बेलुका ५ बजे | केन्द्रिय कार्यालय |
| ४ | उम्मेद्धारको मनोनयन दर्ता | २०७७/०६/१९ | बिहान १० बजे | दिउँसो ४ बजे | केन्द्रिय कार्यालय |
| ५ | उम्मेद्धारको नामावली प्रकाशन | २०७७/०६/१९ | | बेलुका ५ बजे | केन्द्रिय कार्यालय |
| ६ | उम्मेद्धार उपर दावी विरोध | २०७७/०६/२० | बिहान १० बजे | दिउँसो ४ बजे | केन्द्रिय कार्यालय |
| ७ | दावी विरोधपछि नामावली प्रकाशन | २०७७/०६/२० | दिउँसो ४ बजे | दिउँसो ४:३० बजे | केन्द्रिय कार्यालय |
| ८ | दावी विरोधपछि पुनः नामावली प्रकाशन | २०७७/०६/२० | दिउँसो ४:३० बजे | बेलुका ५ बजे | केन्द्रिय कार्यालय |
| ९ | उम्मेद्धार मनोनयन फिर्ता | २०७७/०६/२१ | बिहान १० बजे | दिउँसो ३ बजे | केन्द्रिय कार्यालय |
| १० | अन्तिम नामावली प्रकाशन | २०७७/०६/२१ | दिउँसो ३ बजे | दिउँसो ४ बजे | केन्द्रिय कार्यालय |

११. मतदान - पछि सुचना प्रकाशन गर्ने ।
१२. मतगणना - पछि सुचना प्रकाशन गर्ने ।
१३. परिणाम घोषणा - पछि सुचना प्रकाशन गर्ने ।
१४. स्थान :- सिमिक बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४ को केन्द्रिय कार्यालयको सभाहल ।

**- निर्वाचन समिति**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail.com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# मन्दिरको नाममा फेरि राजनीति

बिर्तामोड– भद्रपुर चार लेन सडकमा परेको बिर्ताबजारको दुर्गा मन्दिर लामो छलफल र बहसपछि सार्ने सहमति बन्यो। बिर्तामोड नगरपालिका कार्यालय र ३ नं वडा कार्यालयले मन्दिर सार्ने विषयमा धेरैलाई सम्झाउनु पर्‍यो , बुझाउनु पर्‍यो। धेरै पटकको बसाइपछि बल्ल मन्दिर सार्न स्थानीय राजी भए।

त्यसपछि साविक मन्दिरकै छेउमै अर्को मन्दिर निर्माण हुन थाल्यो। गत बैशाखमा शिलान्यास भएर नयाँ मन्दिरको निर्माण कार्य सम्पन्न हुनै लागेको छ। आउन लागेको दशैंमा नयाँ मन्दिरमा पदस्थापन गर्ने तयारी भइरहँदा मन्दिरको नाममा फेरि राजनीति शुरु भएको छ । पुरातत्व विभागलाई उजुरी हालेर दुर्गा मन्दिर सार्न नदिने खेलो शुरु भएको हो। केही स्थानीयको उजुरीपछि पुरातत्व विभागले बिर्तामोड नगरपालिकालाई पठाएको पत्रमा दुर्गा मन्दिर बाटो विस्तार गर्ने क्रममा हटाउन लागिएको जानकारी प्राप्त भएकाले सो कार्य तत्काल रोक्का राखी यथार्थ विवरण पठाउन भनिएको छ।

यसअघि पनि मन्दिरलाई साविक ठाउँमै राखेर निर्माणाधिन सडकलाई दुईतिरबाट लैजाने हो कि भन्ने विषय उठेको थियो। सडकको बीचमा रहने मन्दिरको संरक्षण , त्यसको पुजापाठ , आवतजावत लगायतका समस्यालाई मध्यनजर गरी मन्दिर सार्न नै उपयुक्त हुने साझा धारणा बनेको थियो। तर, अब फेरि केहीले त्यसलाई मुद्धा बनाएका छन्। मन्दिर निर्माण समितिले नसार्न हैन, पुरानो मन्दिरलाई नमास्न भन्ने निर्देशनसहितको पत्र पुरातत्व विभागले पठाएको दावी गरेको छ।

झापाको पुरानोमध्येको एक शक्तिपीठका रुपमा बिर्ताबजारको दुर्गा मन्दिरलाई लिने गरिन्छ। जसको इतिहास सय वर्षभन्दा लामो छ। बिर्तामोड–भद्रपुर चार लेनको सडक निर्माणका क्रममा मन्दिर बीच बाटोमा पर्ने भएपछि मन्दिर सार्न लागिएको हो। मन्दिरको व्यवस्थापन गर्नका लागि सडक विभागले २३ लाख रुपैयाँ विनियोजन गरेको थियो। मन्दिर सार्नु पर्ने र सार्न नहुने विवाद भइरहेपछि समयमा काम हुन नसकी सो वजेट फिर्ता गएको थियो। अब पनि विवाद गर्न उचित देखिदैन। ऐतिहासिक एवं पुरातात्विक महत्व बोकेको मन्दिर र त्यसको इतिहास मास्न पाइदैन। त्यस कुराप्रति बिर्तामोड नगरपालिका सजग देखिनु पर्छ।

# फरक समाज, समान मुद्दा



❖आमोद प्याकुरेल

यो कोरोनाको दुःस्वप्न सुरु भएको १० महिना भइसक्यो तर अझै 'रात' सकिने नामनिसान छैन। बरु केहीलाई पीडा झन् थपिएको छ। महामारीबाट आक्रांत संसार रोकिए पनि केही निराशाजनक सामाजिक घटना निरन्तर रहे। समाजको पुरानो घाउ खाटा बस्लाबस्ला जस्तो हुन्छ अनि कसैले फेरि कोट्याएर आलो बनाइदिन्छ। म समाजमा जातीय विभेदको आवरणमा हुने अमानवीय हिंसात्मक घटनाको चर्चा गर्दै छु। कोरोना कालमै यस्ता दुई घटना भए – एउटा संयुक्त राज्य अमेरिकाको मध्यपश्चिममा र अर्को हाम्रो नेपालको मध्यपश्चिममा भयो।

यही वर्ष मे २३ मा नेपालको रुकुममा एक दलित युवक नवराज विश्वकर्माले र मे २५ मा अमेरिकाको मिनेसोटा राज्यमा एक अश्वेत युवा जोर्ज फ्लोइडले ज्यान गुमाए। दुई विपरीत गोलार्धका दुई समाज संसारको सबैभन्दा शक्तिशाली राष्ट्र अमेरिका र दक्षिण एसियाको नेपालमा भएका यी घटनाबाट पुष्टि हुन्छ रंग, जात, र धर्मको नाममा हुने विभेद र हिंसा सम्पन्न र विपन्न दुवै समाजमा शताब्दीयौंदेखि हुँदै आएका छन् र केही समुदाय असमान र पक्षपाती व्यवहार भोगिरहेका छन्।

नवराज र जोर्जको हत्या केही दिनको फरकमा र हजारौं किलोमिटरको दूरीमा पूर्णतः फरक भौगोलिक र सामाजिक परिवेशका समुदायसँग सम्बन्धित भए पनि हत्याको कारकमा भने अचम्मको समानता छ। यी दुई हत्या उनीहरूको समुदायविरुद्ध निरन्तर हुने संरचनात्मक दमनको परिचायक हुन्। दास प्रथा उन्मूलन भएको १५० वर्षपछि, अझ अश्वेत नागरिक अधिकारका विश्वविख्यात नेता डा. मार्टिन लुथर किंगले अमेरिकामा जातीय भेदभावको अन्त्य र समान हकको आन्दोलन गरेको पाँच दशकपछि त्यहाँ अझै जातीय विभेद र रंगभेदविरुद्धको लडाई जारी नै रहेको छ। भन्न त भेदभाव विगतको जस्तो व्यापक छैन भनिन्छ तर विभेदको स्वरूप परिवर्तन भए पनि समाजको न्यायिक, प्रशासनिक, राजनीतिक, व्यापारिक संरचनामा अझै विभेद अनेक भेषमा व्याप्त छ। घटनाक्रमले यो तथ्य सजिलै पुष्टि गरिरहेका छन्।

अमेरिकामा अफ्रिकी मूलको अश्वेत व्यक्तिले राष्ट्रपतिको दुई कार्यकाल पूरा गरिसके। अश्वेत जाति समग्ररूपले अझै पनि वर्षौंदेखि गहिरो जरा गाडेर बसेको पक्षपाती प्रणाली र गोराहरूका व्यवहारले गर्दा आर्थिक र सामाजिक रूपमा दबिएकै छन्। यसले के संकेत गर्छ भने बाराक ओबामा आफ्नो शैक्षिक उपलब्धि, सबल सामाजिक संजाल, धैर्य, अथक परिश्रम र दृढ राजनीतिक संकल्पबाट आर्जेको क्षमताले असमानता र विभेद हुँदाहुँदै पनि राष्ट्रपति बनेका हुन्। जातीय वा आर्थिक, सामाजिक विभेदजस्ता सामाजिक यथार्थ समाजबाट निर्मूल भएर उनी सजिलै राष्ट्रपति बनेका होइनन्।

राजनीतिक र सामाजिक विश्लेषकका अनुसार ओबामाको कार्यकाललगत्तै वर्तमान राष्ट्रपति डोनल्ड ट्रम्प जस्ता नाराको आधारमा ह्वाइट हाउस पुगे त्यसले अतिराष्ट्रवाद र श्वेत वर्चस्वको प्रभुत्व भएको अमेरिकी राजनीति र समाजलाई दर्शाउँछ। फलस्वरूप विगत केही दशकदेखि खुलारूपमा अश्वेत जातिविरुद्ध नदेखिएको विभेदी मानसिकता र व्यवहारले फेरि नेपथ्यबाट बाहिर आएको छ।

यस अर्थमा अहिले जोर्ज फ्लोइडको हत्यापछि अमेरिकाका विभिन्न सहरमा देखिएको विरोध यही एउटा घटनाको मात्र नभई वर्षौंदेखि कायम जातीय विभेद र दमन, अनि त्यसले जन्माएको असमानताबाट उत्पीडित समुदायको समाजप्रतिको आक्रोशको अभिव्यक्ति हो। अमेरिकी समाजको लगाम त सरूदेखि श्वेत समुदायको हातमा छ र त्यही समुदायले बनाएको नियम, कानुन, सामाजिक मूल्यमान्यता, संरचना र मानसिकताले शासन गरेको छ। ऐतिहासिक घटनाक्रमसमेतको विश्लेषण गर्दा आजको दिनसम्म पनि अश्वेत समुदायप्रतिको असमान र विभेदयुक्त व्यवहार समाजमा यत्रतत्र व्याप्त देखिन्छ।

अहिले देखिएको अशान्ति विशेषतः प्रहरी र न्याय कानुनको प्रबन्धमा हुने घोर असमानता र पक्षपाती व्यवहार तथा त्यस्ता संरचनाको जगदेखि नै पुनर्संरचनाको निम्ति वर्षौंदेखि उठाएको आवाजको उपेक्षा विरुद्धको अभिव्यक्ति हो। अहिलेको सबाल मूलतः पुलिसविरुद्ध देखिए पनि जड चाहिँ आर्थिक असमानता र अश्वेत जातिलाई समृद्धिको असहज बाटो र वातारण नै हो। आज पनि अफ्रिकन अमेरिकनको सरदर आय श्वेत अमेरिकीको दाँजोमा ६० प्रतिशतमात्र छ। श्वेतहरूको खुद सम्पत्ति अश्वेत अफ्रिकन अमेरिकनको भन्दा १० गुणा बढी छ। यस असमानताले ब्युँताएको आक्रोश सडकमा उत्रिनु र एक किसिमको क्रान्तिको मनोभाव उत्पन्न हुनु अस्वाभाविक होइन।

**जनआन्दोलनले ल्याएको नयाँ समावशी संविधानपछि धेरै जात, धर्म, लिंग, रूप र रंगका नेता समानता, पक्षपातरहित समाज, आर्थिक र सामाजिक क्रांतिको नाममा चुनाव जितेर सिंहदरबारको ढोकाबाट छिरी सके।**

त्यसैगरी ६ दशक अगाडि नेपालमा जातीय विभेदको पूर्णरूपले नभए पनि अन्त्यका लागि मुलुकी ऐन संशोधन गरिएको थियो। पछिल्ला कानुन र संविधानले कानुनतः पूर्ण समाप्त गरेका छन्। तर, दुःखको कुरा आज पनि देशको कतिपय समुदायमा जात र धर्मको नाममा नागरिकहरू विभेद र हिंसाको शिकार भइराखेका छन्।

यसैको एउटा उदाहरण हो नवराज विश्वकर्मा र उनका साथीहरूको कथित माथिल्लो जातकाहरूको हातबाट भएको निर्मम हत्या। हत्यामा स्थानीय जनप्रतिनिधि र प्रहरीको मौनले अपराधमा सहमति जनाएको भान हुन्छ। अझ, स्थानीयदेखि राष्ट्रियस्तरका राजनीतिक नेतृत्वले ढाकछोपको कुचेष्टा गरे।

यस्तो पृष्ठभूमिका घटना लोकतन्त्रको संविधानले गैरकानुनी बनाए पनि तराई र पहाडका केही समुदायले बारम्बार भोग्नु परेको छ। विडम्बना, आर्थिक तथा सामाजिक पीडामा जेलिएका र निमुखाको नाममा हिंसात्मक विद्रोह गरेको बताउने माओवादी नेताहरू शासनमा पुगेर विलासी जीवन बाँचिरहेका छन् भने तिनले विगत र आफूलाई सत्तामा उकाल्नेहरूको अवस्था बिर्सिसकेका छन्। नयाँ संविधानका साक्षी बसेका सबै राजनीतिक नेता यो सामाजिक कलंक समाजबाट अझै निर्मूल नहुनुमा दोषभागी हुन्।

**किन हुन्छ २१औं शताब्दीमा पनि जातीय र रंग विभेद ?**

नेपालको कथित उपल्लो आर्थिक, सामाजिक, जातीय समुदाय हुन् वा अमेरिकी समाजको लगाम समाउँदै आएको श्वेत अमेरिकी तिनले आआफ्नो समाजमा अझै जातीय वा रंगगत विभेद हुन्छ भन्ने कटुसत्य मानसपटलबाट नै हटाइसकेका छन्। अनि सहजै संविधानमा लेखेको 'समान अवसरलाई' देखाएर जिम्मेवारीबाट उम्कने प्रयास गर्छन्।

तिनले के बुझ्दैनन् वा बुझ पचाउँछन् भने नेपालमा कथित माथिल्लो जातमा र अमेरिकी समाजमा श्वेत समुदायमा जन्म भएकै आधारमा व्यक्तिको आर्थिक सामाजिक उन्नतिमा प्रत्यक्ष वा अप्रत्यक्ष तवरले सकारात्मक असर पारेको हुन्छ। अर्कातिर, कथित तल्लो जात र अश्वेत समुदायलाई शताब्दीयौंदेखि समाजमा गरिएको दमन र सीमान्तकरणले गर्दा आर्थिक सामाजिक सिँढी उक्लन कठिन हुन्छ।

साथै, व्यक्तिको आर्थिक सामाजिक अवस्थाले उसको शैक्षिक उपलब्धि, मानसिक तथा शारीरिक स्वास्थ्य, र आय आर्जन गर्ने क्षमतामा पनि असर पार्छ। तसर्थ, उत्पीडित समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने जति नै कार्यक्रम ल्याए पनि रुकुममा वा मिनसोटामा भएको घटनाले आआफ्नो समाजका विभेद र असमानताको अन्त्य गर्ने प्रयास अझै असफल नै रहेको पुष्टि गर्छन्।

अमेरिकाको होस् या नेपालको अन्याय शक्तिशाली समुदायले आत्मपरीक्षण र आत्मालोचना गरेर संविधानको धारा र मनसायसँग मिल्नेगरी आफ्नो व्यक्तिगत नैतिक मानकलाई स्थापित नगर्दासम्म जरो गाडेर बसेका यस्ता समस्यामा जति दृष्टि केन्द्रित गरे पनि समप्त हुँदैनन्।

भेदभाव मानिसको अन्तर्निहित प्रकृति होइन। त्यो समाजले हुर्काएर सिकाएको अभ्यास हो। तसर्थ यो विभेदको चक्र तोड्न यस्ता सामाजिक मूल्यमान्यतालाई तिरस्कार गर्नु आवश्यक हुन्छ। अझ, न्याय र संविधान शक्तिशाली समूहको स्वार्थका लागि मात्र हैन समाजका सबै नागरिकमा समान तथा निःसर्तरूपमा लागू हुनुपर्छ।

घटनापश्चात रुकुम काण्डबारे गृहमन्त्री रामबहादुर थापाले अनौठो अभिव्यक्ति दिए। उनी आफैं माओवादी हिंसात्मक विद्रोहको अगुवामध्येका हुन्। सामाजिक उत्पीडितलाई मुक्ति दिलाउने भनिएको विद्रोहका नेता कसरी सजिलै रुकुम काण्डलाई अमेरिकामा त सामाजिक विभेद र अन्याय हुँदोरहेछ भनेर पन्छन खोजे ? आफ्नो उत्तरदायित्वबाट सहज तरिकाले उम्किन सक्ने ठान्नु आफैंमा हास्यास्पद त छँदैछ तर त्यो विद्रोहको पृष्ठभूमिको नेताले यस्तो अभिव्यक्ति दिँदा पनि हामीलाई आश्चर्य नलाग्नु अर्को विडम्बना हो।

यी दुई घटना चार महिनापछि पनि किन अझै सान्दर्भिक छन् भनेर हेरौं। यी दुई प्रतिनिधि घटनाका उदाहरण हुन्। यस्ता घटना दुवै समाजमा दिनहुँ जसो हुन्छन्। अहिले महामारीको समयमा विश्वको ध्यान गएकाले विरोधको स्वर अलि चर्को सुनिएको हो।

अमेरिकाको एउटा राज्यबाट सुरू भएको विरोध दुनियाँभर फैलियो। अचम्म त यो घटना पछि पनि अमेरिकाका अन्य राज्यमा यस्तै प्रकारको विभेदपूर्ण व्यवहारका कारण पुलिसको हातबाट अश्वेत व्यक्तिहरूको हत्या भइसक्यो। त्यस्ता घटनाले बलिरहेको आगोमा घिउ थप्ने काम गरेको छ। तर, यी ३ –४ महिनामा घटेका अप्रिय घटनाले अमेरिकी समाजको हरेक समूहलाई घचघच्याएको छ।

राजनीतिज्ञदेखि व्यापारीहरू, सिने कलाकारदेखि खेलाडीसम्म, श्वेत अश्वेत दवै रंगका नागरिक सँगै मिलेर पहिलोपल्ट अमेरिकी समाजले आलटाल गरेका सामाजिक समस्याको सुधारतर्फ काम गरिरहेका छन्। राष्ट्रपति ट्रम्पको मनःस्थिति भने आउँदो चुनावमा श्वेत प्रभुत्ववादी समुदायलाई च्यापेर जाने देखिन्छ। तर, महामारीको कुव्यवस्था र यी सामाजिक सवालका कारणले आर्को कार्यकाल जित्ने बाटो अप्ठेरो देखिन्छ।

लामो प्रयासपछि रुकुम घटनाका अभियुक्तमाथि मुद्दा चलिरहेको छ तर यहीबीच दलित हिंसा पनि भइरहेको छ। केही अगाडी सुदूर पश्चिमको एउटा क्वारेन्टिनमा एक व्यक्तिले भान्छा छोएको निहुँमा निर्घात कुटाइ खाए। भरखरै मोरङमा १२ वर्षीया बच्ची फुलसरी मग्राँती छिमेकीको घरमा पानी लिन छिर्दा कुटाइबाट घाइते भएको खबर छ। तर त्यस घटनामा प्रहरीले उजुरी लिनसमेत मानेको छैन रे !केही दिनअगाडि राष्ट्रिय मानव अधिकार आयोगकी आयुक्त मोहना अन्सारीले प्रदेश २ मामात्र जेठदेखि भदौसम्म १३ जना दलितको हत्या र असामयिक मृत्यु भएको लेखेकी छन्। फरक यत्ति हो अमेरिकामा ढिलै भए पनि समाज जागेको जस्तो देखिएको छ र सामाजिक कुरीतिको अन्त्यका लागि केही ठोस कदम चालिने संकेत छ। हामी कहाँ भने सरकार सकभर यस्ता घटना लुकाउन नै उद्यत देखिन्छ। यतिमात्र हैन यस्ता घटनामा न विपक्षी पार्टी केही पहल गर्छ न नागरिक समाज र समाजका विभिन्न अभियन्ता नै अग्रसर हुन्छन्। परालको आगोजस्तै क्षणिक हुन्छ हामीकहाँ सामाजिक घटनाको असर। घटना हुन्छ, केही क्षण सडक रन्किन्छ, अनि सेलाउँछ। कहिलेसम्म यो समाज र राज्यको जिम्मेवार व्यक्ति र संस्था सामाजिक सवालप्रति उदासीन रहने हुन् ?

जनआन्दोलनले ल्याएको नयाँ समावशी संविधानपछि धेरै जात, धर्म, लिंग, रूप र रंगका नेता समानता, पक्षपातरहित समाज, आर्थिक र सामाजिक क्रांतिको नाममा चुनाव जितेर सिंहदरबारको ढोकाबाट र छिरी सके। यत्ति हो, एकजना दलितले 'ठूला' का घर छिर्न सक्दैनन्, आफूले पुज्ने भगवानको मन्दिर छिर्न सक्दैनन्, अनि आफूले मन पराएको व्यक्तिलाई माया गर्न पाउँदैन। कसैले आँट गरे भने ज्यान गुमाउँछन्।

अबको सामाजिक क्रान्ति पीडित समूहले मात्र गरेर पुग्दैन। यो अमानवीय सोच र मानसिकता समाजबाट निर्मूल पार्न शिक्षित सहरी समुदायदेखि देशको कुनाकाप्चाका उत्पीडित समूह, सबै व्यवसायी र समुदायको संकल्प चाहिन्छ। अब यो ज्वाला फुटेर आयो भने अमेरिकामा जस्तै एक दुई भवनमा आगो लाएरमात्र सीमित हुने छैन।जनताको नजर आर्थिक र सामाजिक उन्नतिको वाचा गर्ने तर उपलब्धिका लागि पहलसम्म नगर्ने नेता अनि तिनको विलासी जीवन शैलीमा गएको छ। विगतमा रोमांचक नाराको पछि लागेर ज्यानको माया मारेर आगोमा होम्मिएका कार्यकर्ता अझै गरिबी र भेदभावको लडाइँमै छन्। 'जनयुद्ध'का नाममा खनेको खाडलमा यिनले आफ्नै पुराना नेताहरूलाई पुर्ने जोखिम झन् प्रबल छ। *(समाजशास्त्री)*

# आईपीओमा लगानीकर्ताहरूको आकर्षण

❖नरेन्द्रमान श्रेष्ठ

पछिल्लो समयमा सेयर बजारप्रति थुप्रैको आकर्षण रहेको छ। सेयर बजारमा नयाँ-नयाँ लगानीकर्ताहरू धमाधम देखा परिरहेका छन्। खासगरी प्राथमिक सेयर बजारमा धेरैको आकर्षण रहेको देखिन्छ। प्राथमिक सेयर खरिदमा आवेदन दिनेहरूको संख्यामा धमाधम वृद्धि भइरहेको छ।

कुनै पनि कम्पनीको आईपीओ जारी हुँदा सेयर खरिदका लागि आवेदन दिनेहरूको घुइँचो नै लाग्ने गरेको छ। प्राथमिक सेयर खरिदमा ६ लाखभन्दा बढीको संख्यामा आवेदन पर्ने गरेको छ। पछिल्लो समयमा अनलाइनमा मेरो सेयरबाट घर, पसल, अफिसबाट समेत आवेदन दिन सकिने र सी आश्बामार्फत बैंकमा गएर आवेदन दिन पाउने भएपछि यसको संख्या ह्वात्तै बढेको हो भन्दा पनि फरक नपर्ला। त्यसैगरी सेबोनले प्राथमिक सेयरमा आवेदन दिनेहरूलाई १० कित्ता सेयर दिनुपर्ने र आवेदन दिँदा न्यूनतम १० कित्ताका लागि मात्र पनि आवेदन दिन सक्ने नियम गरेपछि सेयर खरिद आवेदन दिनेहरू झनै बढेको देखिन्छ। तर पनि प्राथमिक सेयरमा आवेदन दिने सबैले न्यूनतम १० कित्ता सेयर पाउने भन्ने भ्रम पनि देखा परेको देखिन्छ।

आवेदन दिने सबैले १० कित्ता सेयर पाउने भने होइन, माग गरेभन्दा धेरैको आवेदन पर्‍यो भने सबैले सेयर पाउँदैनन्। त्यसबेला गोलाप्रथाबाट बाँडफाँड गरिन्छ। १० कित्ते नियमले धितोपत्रको बजारमा बोरा प्रवृत्ति कम हुनेछ भनेर धितोपत्र बोर्डले भने पनि बोरा प्रवृत्तिको सट्टा परिवार प्रवृत्ति बढेको जस्तो देखिन्छ। आवेदन दिएका सबैले १० कित्ता सेयर पाउँछन् भनेर परिवारका सबै सदस्यको नाममा आवेदन दिने प्रवृत्ति बढेको जस्तो देखिएको छ। त्यसो त परिवारका सबै सदस्यले आवेदन दिन नपाउने, दिन नहुने भन्ने पनि होइन। तर पनि अरूको, साथीभाइ, इष्टमित्र, आफन्तको नाम र बैंक खाता प्रयोग गरेर आईपीओको आवेदन दिनेहरूलाई निरुत्साहित भने गर्नुपर्ने देखिन्छ। विगतमा वाणिज्य बैंकहरूको ८०-९० लाख कित्ता प्राथमिक सेयर निष्कासन हुँदा पनि यति धेरै आवेदन परेको हुँदैनथ्यो। तर, पछिल्लो समयमा घाटामा रहेका हाइड्रोपावर कम्पनीहरूको आईपीओमा पनि डेढ लाखभन्दा पनि बढी आवेदन पर्ने गरेका छन्। विगतमा कुनै पनि कम्पनीको आईपीओ र एफपीओ जारी हुँदा आवेदन दिन आवेदन संकलन केन्द्रहरूमा लगानीकर्ताहरूको भीड नै देखिने गर्थ्यो। अहिले विगतमा जस्तो प्राथमिक सेयर खरिद गर्न आवेदन संकलन केन्द्रहरूमा चेक र नगद बोकेर घण्टौं लाइनमा बसेर आवेदन बुझाउनुपर्ने झन्झटबाट भने मुक्त भएका छन्। अहिले सी आस्बा प्रणालीको स्वीकृति पाएका बैंक तथा वित्त कम्पनीहरूको देशभरका शाखा कार्यालयहरूबाट सी आस्बामार्फत सेयर खरिद आवेदन दिन सकिन्छ भने अनलाइनबाट मेरो सेयरबाट पनि आईपीओको आवेदन दिन सकिन्छ। सायद यही कारणले पनि प्राथमिक सेयरमा लगानीकर्ताहरूको आकर्षण बढेको हो कि, पछिल्लो समयमा प्राथमिक सेयर खरिदमा आवेदन दिन सजिलो र समयको पनि बचत हुने गरेको छ। त्यसैगरी १० कित्ते नियमले गर्दा पनि अहिले न्यूनतम रु. १ हजारको मात्रै आवेदन दिए पनि पुग्ने भएकाले साना लगानीकर्ताहरू बढी आकर्षित भएको देखिन्छ। यसले गर्दा पनि प्राथमिक बजारमा लगानीकर्ताहरूको आकर्षण बढेको देखिन्छ। त्यसो त पछिल्लो समयमा आईपीओ भर्नेहरूमा पुराना लगानीकर्ताहरूभन्दा नयाँ लगानीकर्ताहरू बढी देखिन थालेका छन्। आईपीओमा नयाँ लगानीकर्ताहरूको बढ्दो आकर्षणले गर्दा माग गरेभन्दा सयौं गुणाभन्दा बढी आवेदन पर्ने गरेको छ। पछिल्लो समयमा जारी भएको समाज लघुवित्त वित्तीय संस्थाको आईपीओमा माग गरेभन्दा १ सय ४८ गुणाभन्दा बढी आवेदन परेको सरोकारवालाहरू बताउँछन्।




**प्राथमिक बजारका धेरैजसो लगानीकर्ताहरू दोस्रो बजारमा प्रवेश गरेको त्यति देखिँदैन। अबको समयमा प्राथमिक बजारका लगानीकर्ताहरू पनि दोस्रो बजारमा प्रवेश गर्नुपर्ने देखिन्छ। सेयर बजार चल्ने भनेको दोस्रो बजारले हो।**

धितोपत्र बजारप्रति सबै वर्ग, तह र पेसाका व्यक्तिहरूको यसप्रति आकर्षण रहेको पाइन्छ। सेयर बजारको सेयरका बारेमा फुटपाथ पसलेदेखि कर्पोरेट कार्यालयहरूसम्मले पनि चासो राखेको देखिन्छ। त्यसो त सेयर बजारप्रति धेरैले चासो राख्न धेरैको आकर्षण हुनु सेयर बजारका लागि सकारात्मक हो। सेयर बजारमा प्राथमिक बजारप्रति लगानीकर्ताहरूको आकर्षणले गर्दा माग गरेभन्दा कैयौं गुणा आवेदन पर्ने गरेको छ। विगतमा माग गरेभन्दा कति गुणा बढीले आवेदन पर्‍यो भनेर चासो राख्ने गरिन्थ्यो भने अहिले १० कित्ते नियमले गर्दा कति-कतिवटा आवेदन पर्‍यो भनेर चासो राख्ने गरेका छन्। त्यसो त आईपीओमा लगानी गर्नेहरू पुराना लगानीकर्ताहरूभन्दा नयाँ लगानीकर्ताहरूको बढी रहेको पाइन्छ। हुनलाई त प्राथमिक बजारमा लगानी गर्न चाहने नयाँ लगानीकर्ताहरूका लागि आईपीओमा लगानी गर्नु राम्रो हो। प्राथमिक सेयरमा लगानी गर्दा जोखिम कम हुन्छ भने लामो अवधिका लागि लगानी गर्ने लगानीकर्ताहरूका लागि प्राथमिक बजारमा लगानी गर्नु राम्रो हो।

सेयर बजारमा लगानी गर्ने लगानीकर्ताहरूलाई दुई समूहमा विभाजन गर्न सकिन्छ। पहिलो समूहमा प्राथमिक बजारका लगानीकर्ताहरू र दोस्रोमा दोस्रो बजारका लगानीकर्ताहरू। प्राथमिक बजारमा लगानी गर्ने लगानीकर्ताहरू भनेको आईपीओमा लगानी गर्ने लगानीकर्ताहरू। यिनीहरू अलि लामो अवधिका लगानीकर्ताहरू हुन्। प्राथमिक बजारमा आईपीओमा लगानी गर्ने लगानीकर्ताहरू पछि आवश्यक परेको समयमा र केही नाफा भएपछि बिक्री गर्छन्। यस्ता लगानीकर्ताहरू सेयर बजारमा थुप्रै छन्। यिनीहरू धेरैजसो प्राथमिक बजारमा मात्रै सीमित भइरहेका छन् भन्दा पनि फरक नहोला। प्राथमिक बजारका धेरैजसो लगानीकर्ताहरू दोस्रो बजारमा प्रवेश गरेको त्यति देखिँदैन। अबको समयमा प्राथमिक बजारका लगानीकर्ताहरू पनि दोस्रो बजारमा प्रवेश गर्नुपर्ने देखिन्छ। सेयर बजार चल्ने भनेको दोस्रो बजारले हो। त्यसो त प्राथमिक बजारमा जोखिम कम हुन्छ भने दोस्रो बजारमा जोखिम बढी हुन्छ। प्राथमिक बजारका लगानीकर्ताहरू लामो अवधिका हुने भएकाले त्यति घाटा बेहोर्नु पर्दैन भने दोस्रो बजारमा भने कहिले घाटा हुन्छ त कहिले नाफा। प्राथमिक बजारका लगानीकर्ताहरू धेरैजसो साना लगानीकर्ता नै हुन्छन्। प्राथमिक बजारमा लगानी गर्दा जोखिम पनि त्यति नहुने भएकाले धेरैजसो साना र नयाँ लगानीकर्ताहरूको आकर्षण भएका कारण पछिल्लो समयमा प्राथमिक बजारमा लगानीकर्ताहरू ह्वात्तै बढेको हो भन्दा पनि फरक नहोला।

# शारीरिक ब्यायामबाट कोरोना जित्ने अभियान





*बिर्तामोड (प्रस) ।* 'शारीरिक ब्यायामको माध्यमबाट कोरोनालाई जितौं' भन्ने अभियानकासाथ झापा अर्जुनधाराका दिपेन धिमालले प्राकृतिक तरिकाले शारीरिक आन्तरिक स्वास्थ्य सुधारको कार्यक्रम सञ्चालन गरेका छन् । यसै वर्षदेखि अर्जुनधारा नगरपालिकाको वडा नं. ६ स्थित महानन्दचोकमा मेची हेल्थ एण्ड फिट्नेस सेन्टर स्थापना गरेर धिमालले शारीरिक व्यायामको माध्यमद्वारा रोग प्रतिरोधात्मक क्षमताको बिकासमा सहयोग पुऱ्याएका हुन् । धिमालले सञ्चालन गरेको हेल्थ एण्ड फिट्नेस सेन्टरमा शरीरको आन्तरिक शक्तिको विकासका लागि दौड, किक बक्सिङ, क्रसफिट, स्क्वाट, बर्डफ्रियुस, क्यालिक्सथेनिक्स, मोयथाई, सेल्फ डिफेन्स, वेट मेनेजमण्ट, डाइट प्लानिङ्ग, लगायतका योजनावद्ध तरिकाहरु सिकाइन्छ । मेची फिट्नेस सेन्टरमा स्टेरोयट्स जस्तो मसल बढाउने कृत्रिम प्रोटिनको प्रयोगभन्दा प्राकृतिक, अर्ग्यानिक पोषणयुक्त खानेकुरा उपभोगमा जोड दिदै स्टेरोयट्सको लामो समयको प्रयोगबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरको बारेमा पनि जानकारी दिने गरिएको सञ्चालक धिमालले बताए ।

इन्डोर र आउटडोरमा व्यायाम गराइँदै आएको सो सेन्टरमा तेक्वान्दोका राष्ट्रिय खेलाडीसमेत रहेका सञ्चालक दिपेन धिमालले नै प्रशिक्षण दिंदै आएका छन् । सन् २०१९मा चीनमा भएको वर्ल्ड हिरो च्याम्पियनसिप प्रतियोगितामा गोल्डमेडल प्राप्त गर्न सफल धिमालले भारतको केरलाबाट एनआईएस ए लेभल कोर्स पुरा गरेका छन् । मेची फिटनेस् सेन्टरमा अहिले ५० जनाले शारीरिक सुगठन र व्यायामको अभ्यास गरिरहेका छन् ।

# अब उपचार खर्चका आधारमा भुक्तानी

*झापा (प्रस) ।* सामान्यतया महामारीको बिमा हुँदैन । महामारीबाट हुने क्षतिको आकलन गर्न नसकिने र पुनर्बिमा कम्पनीहरूले पनि यस्तो जोखिम नलिने भएकाले बिमा कम्पनीहरूले महामारीको बिमा गर्दैनन् । यही सर्वमान्य सिद्धान्तविपरीत सुरु गरिएको कोरोना बिमा लेखको दावी भुक्तानीमा विवाद भएपछि नेपाली बिमा क्षेत्र भने आलोचित हुन थालेको छ ।कोभिड-१९ को संक्रमण सुरु भएलगत्तै बिमा समितिले २०७६ चैतदेखि कोरोना बिमा गर्न कम्पनीहरूलाई निर्देशन दिएको थियो । निर्जीवन बिमा कम्पनी र नेपाल पुनर्बिमा कम्पनीले संयुक्तरूपमा जोखिम बेहोर्ने शर्तमा बिमा लेख सुरु गरिएको थियो । जसलाई सरकारले पनि प्रोत्साहन गर्दै बजेटमा नै घोषणा गरी सामूहिक बिमा गर्दा ५० प्रतिशत अनुदान दिने व्यवस्था घोषणा गऱ्यो । जसका कारण कोरोना यो बिमा लेख छोटो समयमा नै लोकप्रिय भयो र सर्वाधिक बिक्री पनि भयो । तर, जव संक्रमितको संख्या वृद्धि भएसँगै कम्पनीहरूमा दावी भुक्तानी दबाब बढ्न थाल्यो, तब समिति तथा कम्पनीहरूले नयाँ शर्तहरू तोक्न थाले । जसका कारण दावी भुक्तानी सहज रूपमा गर्दैनन् भन्ने आरोप लाग्ने कम्पनीहरूको छवि झनै बिग्रिन थालेको छ । 'कोरोना संक्रमण पुष्टि हुनेवित्तिकै पैसा पाइन्छ भनेर हिजो समितिकै पदाधिकारीले भाषण गरे' एक बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले नाम उल्लेख नगर्ने शर्तमा भने, 'आज एकपछि अर्को शर्त राखेपछि बदनाम त हुने नै भयो ।' समितिले बिमालेख सुरु गर्ने बेलामा नै पर्याप्त अध्ययन नगरेको र सस्तो




लोकप्रियता खोज्दा अहिले समस्या भएको उनले आरोप लगाए ।

हुन त संक्रमितको संख्या बढ्दै गएपछि कम्पनीहरू दायित्व धान्न नसक्ने भन्दै समितिले जेठ २२ गते बिमालेख बिक्री बन्द गर्ने घोषणा पनि गरेको थियो । तर, सरकारले बजेटमा घोषणा गरिसकेको कार्यक्रम भएकाले अर्थ मन्त्रालयको दवावमा एक दिनलगत्तै जेठ २३ गतेबाट पुनः सुरु गरियो । उक्त समयमा जोखिमको दायित्व सरकारले समेत व्यहोर्ने गरी सहमति गरिएको थियो । १० हजार जनासम्मको दावी भुक्तानी निर्जीवन बिमा कम्पनीले, १० हजारदेखि २० हजारसम्मको दावी पुनर्बिमा कम्पनीले, २५ हजारसम्मको दावी निर्जीवन कम्पनीको महाविपत्ती कोषबाट, २५ देखि ३५ हजारसम्मको दावी बिमा समितिले र ३५ हजार भन्दा माथिको दावी सरकारले बेहोर्ने सहमति गरिएको छ । तर, दावीको निवेदन बढ्दै गएपछि समितिले निजी प्रयोगशालाको रिपोर्टका आधारमा भुक्तानी नदिन निर्देशन दिएपछि सर्वत्र विरोध भयो । त्यसपछि समितिले कोरोना बिमालेख मापदण्ड नै संशोधन गरी दावीसम्बन्धी व्यवस्थामा व्यापक परिवर्तन गरेको छ ।

पुनः जारी भएको कोरोना बिमा मापदण्ड-२०७७ संशोधनमा बिमितले अधिकतम बिमांक रकमको अधिकतम ७५ प्रतिशत मात्र भुक्तानी पाउने व्यवस्था गरेको छ । संक्रमण प्रमाणित भइ होम आइसोलेसनमा बस्नु परेमा राहत खर्च वापत बिमांक रकमको २५ प्रतिशत र आइसोलेसन सेन्टर वा अस्पताल नै भर्ना भएमा औषधि खर्चको बिलअनुसार बिमांक रकमको अधिकतम ७५ प्रतिशत भुक्तानी पाउने प्रावधान राखिएको छ । संक्रमितलाई सरकार तथा अन्य संस्थाले उपचार खर्च व्यहोरेमा औषधि खर्चको भुक्तानी नपाउने प्रावधान तोकिएको छ ।

यसअघि पीसीआर परिक्षणमा कोरोना भाइरस संक्रमण देखिएको प्रमाण पेश गरेको ७ दिनभित्र बिमांक रकम बराबरको दावी भुक्तानी दिने व्यवस्था थियो । यही प्रावधानअनुसार १२ लाखभन्दा बढी सर्वसाधारणले बिमा गरिसकेका छन् । समितिले निजी प्रयोगशालाबाट प्राप्त रिपोर्टलाई पनि मान्य हुने व्यवस्था गरेको छ । तर, बिमकलाई शंका लागेमा आफ्नै खर्चमा पुनः परीक्षण गर्नसक्ने व्यवस्था गरिएको छ । यस्तै, बिमालेख खरिद गरेको ३० दिनसम्मको अवधिमा संक्रमण पुष्टि भएका दावी भुक्तानी नहुने प्रावधान राखिएको छ । यसअघि यस्तो समयसीमा १५ दिनको थियो । दावी भुक्तानी लिनका लागि होम आइसोलेसन बसेको हकमा स्वास्थ्य मन्त्रालयको अभिलेख र स्थानीय तहको सिफारिस र अस्पताल बसेको हकमा डिस्चार्ज पेपर पनि अनिवार्य गरिएको छ ।

कम्पनीहरूले हालसम्म ५० हजार र १ लाख बिमांक रकम बराबरको बिमालेख जारी गर्दै आएका छन् । जसमा १ लाख बिमामा प्रतिव्यक्ति १ हजार र सामूहिक रूपमा गर्दा प्रतिव्यक्ति ६ सय रुपैयाँ शुल्क तोकिएको छ । यस्तै ५० हजार बिमांक रकमको बिमा गर्दा प्रतिव्यक्ति ५ सय र सामूहिकमा प्रतिव्यक्ति ३ सय शुल्क निर्धारण गरिएको छ ।

सरकारले बजेटमार्फत घोषणा गरी कोरोना बिमालाई प्रोत्साहन गर्दै सामूहिक बिमा गर्दा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरेको छ । मापदण्डमा अब सामूहिक बिमालेख मात्र जारी गर्नुपर्ने प्रावधान राखिएको छ । यसैगरी, दावी भुक्तानीमा देखिएको विवाद समाधान गर्न समितिका निर्देशकको संयोजकत्वमा अर्थ, स्वास्थ्य र बिमक संघका प्रतिनिधि रहने समितिको व्यवस्था समेत मापदण्डमा गरिएको छ । नेपाल बिमक संघका महासचिव चंकी क्षेत्री कोरोना बिमालेखमा समयानुकल सुधार गरिएको बताउँछन् । 'बिमा गरेपछि दावी भुक्तानी नदिने भन्ने कम्पनीहरूको उद्देश्य हुदैन' उनले भने, 'बजारको अवस्था र आवश्यकताका आधारमा कोरोना बिमालेखामा सुधार गरिएको हो ।'

# ओरालोमा जुट निकासी

*झापा (प्रस) ।* पछिल्लो समय तयारी जुटको निकासी घट्न थालेको छ । ११ वटा जुट उद्योग रहेको सुनसरी, मोरङ औद्योगिक कोरिडोरमा अहिले पाँचवटा मात्र सञ्चालनमा छन् । पछिल्लो समयको बन्दाबन्दीका कारण उद्योगको उत्पादनमा ह्रास आउँदा वार्षिक १ अर्ब रुपैयाँ बराबरको उत्पादन घट्दै गएको हो । सुनसरी, मोरङ औद्योगिक कोरिडोरमा रहेका जुट उद्योगहरूले वार्षिक ८० हजार मेट्रिक टन जुटका तयारी सामग्रीहरू उत्पादन गर्दै आएका छन् । तर, पछिल्लो समय कोरोनाका कारण निषेधाज्ञा र बन्दाबन्दी हुन थालेपछि उद्योगको उत्पादनमा ३० प्रतिशत गिरावट आएको छ । यसले गर्दा निकासीसमेत प्रभावित हुँदै आएको छ । नेपाल जुट मिल एशोसिएशनका अध्यक्ष राजकुमार गोल्छा डेढ महिने बन्दाबन्दीकै बेला उद्योग बन्द गर्नु परेको र अहिले पनि उद्योगको उत्पादन ७० प्रतिशतमा सीमित रहेको बताउँछन् ।

उनका अनुसार २४ सै घण्टा सञ्चालन हुने जुट उद्योगहरूले अहिले दैनिक दुई सिफ्ट मात्रै सञ्चालन गरिरहेका छन् ।

गोल्छा सञ्चालक रहेको अरिहन्त जुट मिल र रघुपति जुट मिलमा ७ हजार मजदूरले सामान्य अवस्थामा काम गर्दै आएका थिए । हाल तीन सिफ्टबाट घटेर दुई सिफ्टमा मात्र उद्योग चलिरहेकाले एक सिफ्टका मजदूर बेरोजगार बनेका छन् । यसमध्ये केहीले भने उद्योगमै आंशिक रोजगारी पाइरहेका छन् । भारतीय कच्चा पदार्थमा निर्भर हुनु र त्यहीँकै बजारको उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेर जुट उद्योगहरू बन्द हुन थालेको अध्यक्ष गोल्छाले जानकारी दिए ।

भारतले नेपाली जुटको उत्पादनलाई लगाउँदै आएको ४ प्रतिशत एन्टिडम्पिङ शुल्क नहटाएका कारण नेपाली जुटले बजार पाउन नसकेको हो । सरकारले भारत सरकारसँग कूटनीतिक पहल गरेर एन्टिडम्पिङ हटाउने हो भने उद्योगहरू पुनः सञ्चालनमा आउन सक्ने र चलिरहेका उद्योगहरूले पनि भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने गोल्छाले बताए । ११ वटा जुट उद्योग सञ्चालनमा हुँदा वार्षिक १६ अर्बको जुट भारत निकासी हुँदै आएको थियो । तर, पछिल्लो समय उद्योगहरू बन्द हुँदै गएपछि अहिले वार्षिक ६ अर्बको हाराहारी मात्रै तयारी जुटको निकासी हुन थालेको छ ।

नेपालमा जुट खेती खुम्चँदै जानु र कच्चा जुटको परनिर्भरता बढ्नु नै उद्योगहरू बन्द हुनुको मूल कारण रहेको उद्योगीहरूको दाबी छ । भारतले लगाउने कर हट्न नसक्नु, नेपालभित्रै खाद्यान्नलगायतको प्याकिङ र निर्माण क्षेत्रमा समेत जुटको प्रयोग अनिवार्य गर्न नसक्दा जुट उद्योगहरू धराशायी हुँदै गएको गोल्छा बताउँछन् ।

नेपाल जुट मिल एशोसिएशनका उपाध्यक्ष रमेश राठीले बन्दाबन्दीका कारण उद्योग सञ्चालनमा निकै चुनौती रहेको बताए । बन्दाबन्दी र निषेधाज्ञाका कारण मजदूरलाई उद्योगसम्म आउनै मुश्किल भएकाले उत्पादन घटेको उनले उल्लेख गरे । 'घरबाट उद्योगसम्म मजदूर आउने वातावरण नहुँदा जुट उद्योगले आफ्नो उत्पादन एक सिफ्ट कटौती गर्नु परेको छ,' राठीले भने । राठीको स्वामित्वमा रहेको बाबा जुट मिलमा दैनिक १ हजार मजदूर काम गर्छन् । बन्दाबन्दीका कारण उद्योगको उत्पादन दुई सिफ्टमा मात्र सीमित हुँदा करिब ७ सय मजदूर मात्र कार्यरत छन् । एक सिफ्टका ३ सय मजदूर घरमै छन् ।

सरकारले उद्योगलाई चाहिने कच्चा पदार्थमा आत्मनिर्भर बनाउन जुट खेतीलाई प्रोत्साहन हुने कार्यक्रम ल्याउनुपर्ने धारणा राठीको छ । जुट मिल एशोसिएशनले समेत प्रदेश र केन्द्रीय सरकारलाई जुट खेती बढाउन कार्यक्रम ल्याउन आग्रह गरे पनि त्यसमा ठोस काम हुन सकेको छैन । अन्य उत्पादनलाई प्रोत्साहन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू भए पनि जुट खेतीको प्रोत्साहनका लागि कुनै कार्यक्रम लागू नभएको उनले बताए । रघुपति जुट मिलका प्रबन्धक श्याम आचार्य भारतीय कामदार अहिले उद्योगमा नरहेको बताउँछन् । रघुपतिमा सामान्य अवस्थामा तीन सिफ्ट उद्योग सञ्चालन हुँदा २ हजार ५ सय मजदूरले काम गर्थे । अहिले दुई सिफ्टमा उद्योग चल्दा ८ सय बढी मजदूर कामबाट वञ्चित भएका छन् । सिफ्ट घटेपछि उद्योगको उत्पादनमा समेत कटौती भएको छ । आर्थिक वर्ष २०७५-७६ मा सबै खाले तयारी जुट ६ अर्ब १६ करोड ८१ लाख मूल्य बराबरको निकासी भएको थियो । त्यस्तै, आव २०७६-७७ मा ५ अर्ब ६५ करोड २३ लाख बराबरको तयारी जुटका सामग्री निकासी भएको एशोसिएशनको तथ्यांकमा उल्लेख छ ।

यो बन्दाबन्दी भएको हालसम्मका महिनाको मात्र तथ्यांक हो । चालू आर्थिक वर्षको २ महिनामा १ अर्ब ७९ करोड ८ लाख रुपैयाँ बराबरको तयारी जुट निकासी भएको छ । अघिल्लो वर्षको २ महिनामा २ अर्बको जुटको तयारी वस्तुको निकासी भएको थियो । विराटनगर भन्सार कार्यालयका प्रमुख शिव भण्डारी बन्दाबन्दी र निषेधाज्ञाका कारण जुट निकासीमा कमी आएको तथ्यांकमा देखिएको बताउँछन् ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य छपाई सम्बन्धी सम्पूर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिशोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ ।
**वृष** : बिछोडिएका परिवारजनसँग भेटघाट ,जमघटका बीच स्वादिष्ट भोजन लिने अवसर जुट्नेछ ।
**मिथुन** : अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।
**कर्कट** : आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ।
**सिंह** : प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ।
**कन्या** : अरूका लागि बुद्धि खर्चनुपर्ला। आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन्।
**तुला** : प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ।
**वृश्चिक** : मित्रता र प्रेमको बन्धन कसिनेछ। सोखले जोखिम बढाउन सक्छ।
**धनु** : मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।
**मकर** : छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला।
**कुम्भ** : अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा सामान्य लाभ हुनेछ।
**मीन** : साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ।